समृद्ध खाँदबारी नगर'

# खाँदबारी नगरपालिका

खाँदबारी, सङ्खुवासभा, कोशी प्रदेश, नेपाल ।

## नगरकार्यपालिकाको बैठक

बैठक मितिः २०८०/०९/१६ बैठक संख्याः ३५

बैठक प्रारम्भ समयः विहानको ११:०० बजे बैठक समापन समयः बजे

**आजको नगरकार्यपालिकाको बैठकको कार्यसूचीका आधारमा देहाय अनुसार निर्णयहरु सर्वसम्मत रुपमा पारित गरेको छ ।**

**निर्णयहरु**

१. खाँदबारी नगरपालिकाले मिति २०८०/०८/०७ गते एकादशी पर्वको अवसरमा नगरपालिकाभर लागू हुने गरी दिईएको स्थानीय बिदा र मिति २०८०/०९/११ गते उधौंली पर्व तथा स्थानीय ढाँडे बजारको अवसरमा ४ नं. वडाभर लागू हुने गरी दिईएको स्थानीय बिदा अनुमोदन गर्ने ।

२. खाँदबारी नगरपालिकाको चालू आ. व. २०८०/८१ को हालसम्मको आम्दानी खर्च सम्बन्धी विवरण सहितको प्रतिवेदन आर्थिक प्रशासन शाखाकोतर्फबाट बैठकमा पेश भई छलफल गरियो ।

३. खाँदबारी खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको तदर्थ समितिको पदेन सदस्यमा देहाय अनुसारका सदस्य मनोनयन गर्ने ।

क) श्री शेर बहादुर राई, खाँदबारी न. पा. ४

ख) श्री रबिन गुरुङ, खाँदबारी न. पा. ४

४. खाँदबारी नगरपालिका वडा नं. ७ स्थित खेलमैदानमा तीनपोखरी समाज विकास क्लबले खाँदबारी रमाइलो मेला २०८० सञ्चालनको लागि स्वीकृति माग भई आएको हुँदा उक्त खेलमैदानमा सञ्चालन हुने खेलकुद गतिविधिलाई असर नपर्ने गरी प्रचलित कानुनले प्रतिबन्ध लगाएका खेल वाहेकका गतिविधि सञ्चालन गर्न एक महिनाको लागि मेला सञ्चालन/व्यवस्थापनको शर्तहरु उल्लेख गरी स्वीकृति प्रदान गर्ने ।

५. खाँदबारी नगरपालिका वडा नं. ४ स्थित भगीवन्त रङ्गशाला विस्तारको लागि जग्गा प्राप्ति गर्ने सम्बन्धमा आवश्यक प्रकृया समेत शुरु भईसकेको हुँदा आवश्यक बजेट व्यवस्थापन गरी जग्गा प्राप्ति गर्ने कार्य अगाडि बढाउने ।

६. खाँदबारी नगरपालिका वडा नं. ७ स्थित खाँदबारी रङ्गशाला विस्तारको लागि जग्गा प्राप्ति ऐन, २०३४ को दफा ३क. बमोजिम स्थानीय तहले नै मुआब्जा र अन्य खर्च ब्यहोर्ने गरी साविक मनकामना गा. वि. स. वडा नं. १ को जनी कुमार राईको नाममा दर्ता कायम रहेको कि. नं. ३१९६ र दिपेन्द्र राईको नाममा दर्ता कायम रहेको कि. नं. ३१९७, १०८६ र १०९१ जगाबाट ४४०७ वर्ग मिटर जग्गा प्राप्तिको लागि मिति २०७८/०८/१२ गते संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट स्वीकृति समेत प्राप्त भईसकेको तर हालसम्म जग्गा प्राप्ति सम्बन्धी अन्य कार्य अगाडि बढ्न नसकेको हुँदा श्रोत सुनिश्चित गरी जग्गा प्राप्ति सम्बन्धी बाँकी कार्यलाई पूर्णता दिने ।

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारको प्रमाणीकरण (कार्यविधि) नियमावली २०७४, नियम ४ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

हिमांश कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत

बैठक मिति: २०८०/०९/१६ बैठक संख्या: ३५

बैठक प्रारम्भ समय: विहानको ११:०० बजे बैठक समापन समय: बजे

७. नदीजन्य पदार्थको निकासीकर संकलनमा खटिएका कर्मचारीहरुलाई अतिरिक्त समयमा समेत कामकाज गर्नुपर्ने भएको हुँदा खानाखाजा खर्च वापत् काम गरेको दिनको प्रति दिन रु. ३५०।- का दरले भुक्तानी दिने।

८. चालू आ.ब.२०८०/०८१ का लागि प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत स्वीकृत बजेटको सिमामा रही प्रत्येक वडालाई समानुपातिक रुपमा रोजगारी सृजनाको अवसर प्रदान गर्ने र रोजगारी सृजना गर्दा रोजगार सूचना प्रणाली EMIS मा सूचीकृत ब्यक्तिहरु, लाभग्राही छनौट कार्यविधि अनुसार वडाबाट सिफारिस हुनुपर्ने साथै वडाबाट सिफारिस भई आएका निम्न आयोजनाहरुलाई स्वीकृत गरी आगामी नगरसभामा अनुमोदनका लागि पेश गर्ने ।

क. दुवेचौरबाट योञ्जन गाउँसम्म जाने मोटरवाटो मर्मत वडा नं. १

ख. मानेभञ्ज्याङ जिरोपोइन्टदेखि चेवावेशीसम्मको मोटरवाटो मर्मत वडा नं. २

ग. मानेभञ्याङ्गदेखी मिलनचोक दशमुरे हुँदै कल्छेवेसी सडक खण्ड आयोजना वडा नं. ३

घ. अरुणथानदेखि वरुवाल गाउँ जाने गोरेटो बाटो मर्मत वडा नं. ४

ङ. कल्छेवेशी पुलदेखि पाडारे हुँदै बुढाथोकी चौतारासम्मको गोरेटो वाटो मर्मत वडा नं. ५

च. कल्छेदेखि पाङ्ठाखोलासम्म मोटरवाटो सरसफाई योजना वडा नं. ६

छ. भैरेडाँडादेखि माझविरौटो हुँदै निरौला गाउँ जाने गोरेटो बाटो मर्मत वडा नं. ७

ज. सिमालीधारा रयाले मोटरबाटो मर्मत योजना वडा नं. ८

झ. खलबहादुर कुमालको डिलदेखी लुगा धुने वगर जाने गोरेटोवाटो मर्मत र साल विसौनी डिलदेखि पिप्लेटार जाने पूलसम्मको गोरेटोवाटो मर्मत योजना वडा नं. ९

ञ. अम्मर टोलदेखि भदौरे पहरे मगरगाउँ बागखोर हुँदै कात्तिके मसानघाटसम्म गोरेटोवाटो मर्मत वडा नं. १०

ट. घलेगाउँदेखी मालिङ्टारसम्मको मोटरवाटो मर्मत वडा नं. ११

माथि उल्लिखित आयोजनाहरुभन्दा वाहेक आवश्यकता अनुसार अन्य आयोजनाहरुमा पनि काममा लगाईनेछ ।

९. नदीजन्य पदार्थ उत्खनन् सम्बन्धमा उत्खनन्स्थलसम्म पुग्ने मोटरबाटो मर्मत गरी सञ्चालनयोग्य बनाउने र चोरी निकासी नियन्त्रण गरी तोकिएको स्थानबाट उत्खनन् तथा निकासी कार्यलाई निरन्तरता दिने ।

१०. राजस्व संकलन सम्बन्धमा आर्थिक ऐन, २०८० ले तोकेको शीर्षकमा राजस्व संकलनको लागि नगरकार्यपालिकाको कार्यालय मार्फत राजस्व उपशाखालाई कडाईकासाथ कार्यान्वयन गर्न निर्देशन दिने ।

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारको प्रमाणीकरण (कार्यविधि) नियमावली २०७४, नियम ५ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

निर्माण कुमार कार्की

प्रमुख प्रशासकीय अधिकृत

समृद्ध खाँदबारी नगर'

# खाँदबारी नगरपालिका

खाँदबारी, सङ्खुवासभा, कोशी प्रदेश, नेपाल ।

## नगरकार्यपालिकाको बैठक

बैठक मिति: २०८०/०९/१६ बैठक संख्या: ३५

बैठक प्रारम्भ समय: विहानको ११:०० बजे बैठक समापन समय: बजे

११. एस. एस. एफ. एम. ले खाँदबारी नगरपालिका वडा नं. ९ मा भौतिक संरचना निर्माणको लागि निर्माण इजाजत नलिई आवश्यक संरचना निर्माण गरिरहेको पाईएको हुँदा नगरपालिकाबाट निर्माण इजाजत लिएर मात्र नियमानुसार संरचना निर्माण गर्न स्वीकृति दिने ।

१२. जनता आवास कार्यक्रमको लागि चालू आ. व. मा प्राप्त बजेट तथा कार्यक्रम कार्यान्वयनको लागि हरेक वडाबाट एक/एक जना लाभग्राही (एक जना बैकल्पिक समेत) रहने गरी वडाबाट लाभग्राहीहरुको नामावली माग गरी नगरकार्यपालिकाको कार्यालयबाट पत्राचार भईसकेको हुँदा उक्त कार्य अनुमोदन गरी कार्यक्रम सञ्चालन गर्ने ।

१३. खाँदबारी नगरपालिका वडा नं. ९ को मुन्सीखोलादेखि वडा नं. ४ को छयाङ्कुटीसम्म उत्तर दक्षिण कोशी सडकको लगतकट्टा सम्बन्धमा नापी तथा मालपोत कार्यालयको कार्यचापको कारण नियमित समयमा सोचे अनुरुप कार्य अगाडि बढ्न नसकेको हुँदा नियमानुसार कन्सल्टेन्सी/अन्य माध्यमबाट मार्फत कार्य अगाडि बढाउने ।

१४. खाँदबारी नगरपालिका वडा नं. १ को पोखरीपार्कमा निर्माण भएको मन्दिरको रकम भुक्तानी सम्बन्धमा निर्माण सम्पन्न भई प्राविधिक मूल्याङ्कन सहित पेश भई आएको हुँदा उक्त प्राविधिक मूल्याङ्कनबमोजिमको रकम नियमानुसार सम्बन्धित ठेकेदारलाई भुक्तानी दिने ।

१५. खाँदबारी नगरपालिकाक्षेत्रमा सभाहल अत्याबश्यक देखिएकोले सो निर्माणका लागि डि. पि. आर. तयार गरी भारतीय राजदुतावास समक्ष आवश्यक बजेट माग गर्ने ।

१६. खाँदबारी नगरपालिकाको पन्ध्रौ नगरसभा मिति २०८० पौष २६ गते खाँदबारी नगरपालिकाको सभाहलमा बस्ने ।

१७. मिति २०८० माघ १८ गते खाँदबारी नगरपालिकाको बार्षिकोत्सव (स्थापना दिवस) को कार्यक्रमलाई मितव्ययी तर उल्लासमय तरिकाले मनाउने ।

**आगामी बैठक आवश्यकतानुसार बस्ने गरी आजको बैठक अन्त्य गरियो ।**

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारको प्रमाणीकरण (कार्यविधि) नियमावली २०७४, नियम ५ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

निर्मल कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत